**प्रदेश लोक सेवा आयोग,**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका अप्राविधिकतर्फ प्रशासन सेवा, सामान्य प्रशासन तथा लेखा समूह, चौथो तह, खरिदार/सह-लेखापाल पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**पाठ्यक्रमलाई निम्नानुसार विभाजन गरिएको छ :**

| परीक्षाको चरण | परीक्षाको किसिम | पूर्णाङ्क |
|---|---|---|
| **प्रथम** | लिखित परीक्षा (वस्तुगत) | १०० |
| **द्वितीय** | लिखित परीक्षा (विषयगत) | १०० |
| **अन्तिम** | कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता | ४० |

**परीक्षा योजना (Examination Scheme)**

**१. प्रथम चरण (First Phase): लिखित परीक्षा (वस्तुगत)**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्याXअङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | १०० | ४० | वस्तुगत: बहुवैकल्पिक प्रश्न (MCQ) | ५०प्रश्न X २अङ्क | ४५ मिनेट |

**२. द्वितीय चरण (Second Phase): लिखित परीक्षा (विषयगत)**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्नसंख्याXअङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| द्वितीय | सामाजिक अध्ययन, कार्यालय सञ्चालन तथा सामान्य गणित | १०० | ४० | विषयगत | छोटो उत्तर | १२ प्रश्न X ५ अङ्क | २ घण्टा ३० मिनेट |
| | | | | | लामो उत्तर | ४ प्रश्न X१० अङ्क | |

**३. अन्तिम चरण:- कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता (Computer Skill Test & Interview)**

| विषय | पूर्णाङ्क | परीक्षण प्रणाली | समय |
|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | २० मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता (Individual Interview) | ३० | मौखिक (Oral) | - |

**द्रष्टव्य:**

१. यो पाठ्यक्रम योजनालाई **लिखित परीक्षा (प्रथम चरण र द्वितीय चरण) तथा अन्तिम चरण (कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता)** गरी तीन चरणमा विभाजन गरिएको छ।

२. लिखित परीक्षाको प्रश्नपत्रको माध्यम भाषा पाठ्यक्रमको विषयवस्तु जुन भाषामा दिइएको छ, सोही भाषाको आधारमा नेपाली वा अंग्रेजीमध्ये कुनै एक मात्र भाषा हुनेछ। विषयवस्तुलाई स्पष्ट गर्नुपर्ने अवस्थामा दुवै भाषासमेत प्रयोग गर्न सकिने छ।

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरूको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत सो प्रश्नको लागि तोकिएको अंकको २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर, उत्तर नदिएमा त्यसबापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

५. वस्तुगत प्रश्न हुने परीक्षामा क्यालकुलेटर तथा कुनै पनि परीक्षामा मोबाईल फोन, स्मार्ट वाच, हेडफोन तथा अन्य कुनै पनि प्रकारको विद्युतीय उपकरणहरूको प्रयोग गर्न पाइने छैन।

६. वस्तुगत (बहुवैकल्पिक) प्रश्न हुने परीक्षामा OMR उत्तरपुस्तिका प्रयोग हुनेछ। OMR उत्तरपुस्तिकाको विवरण खण्डमा सबै विवरण कालो मसी भएको कलम/डटपेनले लेखी उत्तरपुस्तिकामा दिइएको निर्देशन बमोजिम निर्दिष्ट

गरिएको घेराभित्र नमूनामा देखाइए अनुसार पूरा भरिने गरी Bubble लगाउनु पर्नेछ। उत्तरपुस्तिकामा लेख्नुपर्ने विवरण बाहेक अन्यत्र दाग लगाउन वा कोर्न वा पट्याउन वा खुम्च्याउन हुँदैन। उत्तरपुस्तिकामा अन्य कुनै सङ्केत गरेको भए त्यस्तो उत्तरपुस्तिका रद्द हुनेछ।

७. विषयगत प्रश्नका लागि तोकिएका अङ्कका हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुईभन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरू (Short notes) सोध्न सकिनेछ।

८. परीक्षामा सोधिने प्रश्न संख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/ विषयमा दिइए अनुसार हुनेछ।

९. विषयगत प्रश्न हुने पत्रमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू हुनेछन्। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उक्त उत्तरपुस्तिका परीक्षण हुनेछैन। थप कपीको प्रयोग भएमा सोही खण्डको उत्तरपुस्तिकामा नत्थी गर्नु पर्नेछ।

१०. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियम तथा नीतिहरू परीक्षाको मितिभन्दा तीन महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

११. प्रथम चरण (First Phase) को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरण (Second Phase) को लिखित परीक्षामा सम्मिलित हुन पाइनेछ।

१२. लिखित परीक्षाको प्रथम चरण (First Phase) मा प्राप्त गरेको प्राप्ताङ्कको शत प्रतिशत अङ्क तथा द्वितीय चरण (Second Phase) को प्राप्ताङ्कहरू जोडी लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ।

१३. लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरूलाई मात्र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइने छ।

१४. लिखित परीक्षा र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको कूल अङ्क योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिने छ।

**१५. परिमार्जित यो पाठ्यक्रम आ.व. २०८३/०८४ देखि प्रकाशित हुने विज्ञापनहरूमा लागू हुनेछ।**

**पाठ्यक्रम लागू मितिः-** २०८३/४/१

**प्रदेश लोक सेवा आयोग,**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका अप्राविधिकतर्फ प्रशासन सेवा, सामान्य प्रशासन तथा लेखा समूह, चौथो तह, खरिदार/सह-लेखापाल पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**प्रथम पत्रः- सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण**

**१. सामान्य ज्ञान**

१.१ भूगोल

१.१.१ विश्वको भूगोल- महादेश, महासागर, अक्षांश, देशान्तर, नदी, हिमनदी, ताल, जलवायु आदि सम्बन्धी सामान्य ज्ञान

१.१.२ नेपालको भूगोल- भौगोलिक अवस्था, धरातलीय स्वरूप र प्राकृतिक सम्पदा (जलस्रोत, जीवजन्तु, वनस्पति, माटो, खनिज पदार्थ, पहाड)

१.२ इतिहास

१.२.१ प्रथम र द्वितीय विश्वयुद्धका घटना, कारण र परिणामहरू सम्बन्धी सामान्य ज्ञान

१.२.२ नेपालको इतिहासमा किराँतकाल, लिच्छविकाल र मध्यकाल, सामाजिक, साँस्कृतिक, आर्थिक एवं राजनीतिक अवस्था

१.२.३ आधुनिक नेपालको इतिहास (नेपालको एकीकरणदेखि हालसम्म), राजनीतिक घटनाक्रम, सामाजिक, साँस्कृतिक र आर्थिक अवस्था

१.३ नेपालको सामाजिक अवस्था, परम्परा, मूल्य र मान्यता, धर्म, जातजाति, भाषाभाषी, संस्कृति, कला, साहित्य, संगीत, साँस्कृतिक सम्पदा र आर्थिक अवस्था (कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार, विकास योजना) सम्बन्धी जानकारी

१.४ कोशी प्रदेशको भौगोलिक, सामाजिक, धार्मिक, साँस्कृतिक, आर्थिक अवस्था र आवधिक योजना सम्बन्धी जानकारी

१.५ मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्ने विज्ञानका प्रमुख आविष्कार र नवीनतम गतिविधिहरू

१.६ पर्यावरण, जैविक विविधता, दिगो विकास र दिगो विकास लक्ष्य, जलवायु परिर्वतन, वातावरण व्यवस्थापन, प्रदूषण, जनसंख्या, शहरीकरण, बसोवास (बसाईसराई), गरिबी, स्वास्थ्य, रोग, खाद्य र पोषण सम्बन्धी जानकारी

१.७ नेपालको शासनपद्धति र सरकार- नेपालको संविधान, राजनीतिक व्यवस्था, संघ, प्रदेश र स्थानीय तह

१.८ संयुक्त राष्ट्रसंघ, दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (SAARC) र बिमस्टेक सम्बन्धी सामान्य जानकारी

१.९ राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक, खेलकूद, पुस्तक, पुरस्कार, कला, साहित्य, संगीत सम्बन्धी राष्ट्रिय महत्त्वका समसामयिक गतिविधिहरू

१.१० नेपाली भाषामा लेखन शैलीको विकासका लागि आवश्यक व्याकरण र सो अनुरूपको शुद्धाशुद्धि सम्बन्धी जानकारी

वर्णविन्यास, पदसङ्गति, नाम, सर्वनाम, क्रियापद, विशेषण, काल, वाच्य, पदवर्ग, कारक र विभक्ति, वचन, पुरुष, लिङ्ग, विपरितार्थक शब्द, पर्यायबाची शब्द, उपसर्ग लागेर निर्मित शब्दहरू, प्रत्यय लागेर निर्मित शब्दहरू, समास भएर निर्मित शब्दहरू, ह्रस्व दीर्घ, श, ष, स लगायतका व्याकरणगत शुद्ध लेखन शैलीमा केन्द्रीय विषयहरूको सामान्य ज्ञान

**प्रदेश लोक सेवा आयोग,**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका अप्राविधिकतर्फ प्रशासन सेवा, सामान्य प्रशासन तथा लेखा समूह, चौथो तह, खरिदार/सह-लेखापाल पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

## २. सामान्य बौद्धिक परीक्षण

बौद्धिक परीक्षणः शाब्दिक तार्किक परीक्षण, मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षण र अशाब्दिक अमूर्त तार्किक परीक्षण

२.१ शाब्दिक तार्किक/चातुर्यता परीक्षणमा बोध, शब्द ज्ञान, अनुक्रम, समरूपता, वर्गीकरण, कोडिङ-डिकोडिङ, छोडिएका शब्द (अक्षर/ संकेत) मिलाउने, दिशा र दूरी ज्ञान परीक्षण, तर्क विचार सम्बन्धी, श्रेणीक्रम (पंक्तिक्रम), आगमन, निगमन विषयवस्तुबाट प्रश्नहरू समावेश गरिनेछ ।
Verbal reasoning such as comprehension, vocabulary, series, analogy, classification, coding-decoding, insert the missing character, direction and distance sense test, ranking order, induction, deduction, etc.

२.२ मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षणमा अनुक्रम (श्रेणीक्रम), समरूपता, वर्गीकरण, कोडिङ, छोडिएका संख्या (अक्षर/ संकेत) मिलाउने, साझा गुण, मेट्रिक्स, तथ्याङ्क जाँच (रूजु), अंकगणितीय तर्क/क्रिया सम्बन्धी विषयवस्तुबाट प्रश्नहरू समावेश गरिनेछ ।
Quantitative aptitude such as series, analogy, classification, coding-decoding, insert the missing character, common property, matrices, data verification, arithmetical reasoning /operation, etc

२.३ अशाब्दिक तार्किक परीक्षणमा अनुक्रम, समरूपता, वर्गीकरण, तार्किक, चित्रात्मक विश्लेषणात्मक तर्क सम्बन्धी भेन चित्र, मेट्रिक्स, त्रिभुज र वर्गहरूको रचना, चित्र वा आकृति बनावट र विश्लेषण विषयवस्तुबाट प्रश्नहरू समावेश गरिनेछ ।
Non-verbal reasoning such as series, analogy, classification, Venn diagrams, matrices, construction of squares and triangles and figure formation and analysis etc.

प्रथम पत्र सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण विषयका पाठ्यक्रमका एकाईहरूबाट सोधिने प्रश्नहरूको संख्या निम्नानुसार हुनेछ ।

| **प्रथमपत्र** | **सामान्य ज्ञान** | | | | | | | | | | **सामान्य बौद्धिक परीक्षण** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **अङ्कभार** | **७०** | | | | | | | | | | **३०** | | |
| **एकाइ** | १.१ | १.२ | १.३ | १.४ | १.५ | १.६ | १.७ | १.८ | १.९ | १.१० | २.१ | २.२ | २.३ |
| **प्रश्न संख्या** | ३ | ३ | ७ | ३ | ३ | ३ | ३ | २ | ६ | २ | ५ | ५ | ५ |
| **जम्मा प्रश्न** | **जम्मा ३५** | | | | | | | | | | १५ | | |

**प्रदेश लोक सेवा आयोग,**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका अप्राविधिकतर्फ प्रशासन सेवा, सामान्य प्रशासन तथा लेखा समूह, चौथो तह, खरिदार/सह-लेखापाल पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**नमूना प्रश्नहरू (Model Questions)**

**प्रथम पत्रः- सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण**

१. कोशी प्रदेशमा कति वटा स्थानीय तहहरू रहेका छन ?
A) १३० B) १३३ C) १३५ D) १३७

२. प्रदेश लोक सेवा आयोग (कोशी प्रदेश) को अध्यक्ष हुन कति उमेर पूरा भएको हुनु पर्दछ?
A) ३० बर्ष B) ३५ बर्ष C) ४० बर्ष D) ४५ बर्ष

३. महाराज सुन्वर्षी पोखरी कुन जिल्लामा पर्दछ?
A) भोजपुर B) तेह्रथुम C) मोरङ D) सुनसरी

४. नेपालको संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपति दुवैको पद रिक्त भएमा राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन भई कार्यभार नसम्हालेसम्म यस संविधान बमोजिम राष्ट्रपतिबाट गरिने कार्य कसले सम्पादन गर्ने व्यवस्था छ?
A) राष्ट्रिय सभाका अध्यक्ष B) प्रतिनिधि सभाका सभामुख C) प्रधानमन्त्री D) प्रधान न्यायधीश

५. दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (SAARC) स्थापना हुँदा नेपालका प्रधानमन्त्री को थिए?
A) सूर्यबहादुर थापा B) लोकेन्द्रबहादुर चन्द C) नगेन्द्रप्रसाद रिजाल D) मरिचमान सिंह श्रेष्ठ

६. तलका मध्ये कुन शुद्ध छ?
A) मन्त्रीपरिषद् B) मन्त्रीपरिषद C) मन्त्रिपरिषद् D) मन्त्रिपरिषद

७. विश्वकप फुटवल तलका मध्ये कुन देशमा आयोजना गरिएको छ?
A) चीन B) जापान C) भारत D) इन्डोनेसिया


८. ९०-९०-९० रणनीति के सँग सम्बन्धित छ?
A) HIV AIDS B) वातावरण संरक्षण C) जलवायु परिवर्तन D) COVID-19

९. पाता मेला पर्व कुन जातीले मनाउँदछ?
A) राजवंशी B) सन्थाल C) झाँगड D) मेचे


१०. तालको श्रेणी पूरा गर्नुहोस् ।
१७, २५, ३२, ३७, .......
A) ४७ B) ४५ C) ४८ D) ४०

११. नेपाल, कोशी प्रदेश र राजविराज बिचको सम्बन्ध देहायको कुन भेनचित्रले सही तरिकाले बुझाँउदछ?

A) B) C) D)




१२. तलको चित्रमा कतिवटा त्रिभुज छन्?



A) 28 B) 36 C) 40 D) 48

१३. छुटेको अंक पत्ता लगाउनुहोस्




A) 25 B) 30 C) 20 D) 15

१४. J,F,M,A,M, J, ?
A) M B) J C) T D) A

**प्रदेश लोक सेवा आयोग,**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका अप्राविधिकतर्फ प्रशासन सेवा, सामान्य प्रशासन तथा लेखा समूह, चौथो तह, खरिदार/सह-लेखापाल पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**द्वितीय पत्रः- सामाजिक अध्ययन, कार्यालय संचालन तथा सामान्य गणित**

| | | |
|---|---|---|
| **खण्ड (Section) (A)** | **२ प्रश्न X १० अङ्क = २० अङ्क** | **४० अङ्क** |
| | **४ प्रश्न X ५ अङ्क = २० अङ्क** | |

**१. सामाजिक तथा आर्थिक अध्ययन-**

१.१ नेपालको भूगोल (भौगोलिक स्थिति), धरातलीय स्वरूप, हावापानी, जनजीवनमा भौगोलिक अवस्थाको प्रभाव र नक्सासम्बन्धी सामान्य जानकारी

१.२ कोशी प्रदेशको भौगोलिक, सामाजिक, धार्मिक, साँस्कृतिक, आर्थिक अवस्थासम्बन्धी जानकारी

१.३ नेपालको राजनैतिक विभाजन, सरकारका तहहरू र विविधतामा एकता

१.४ नेपालको विकासका पूर्वाधारहरू (शिक्षा, स्वास्थ्य, यातायात, सूचना प्रविधि, खानेपानी, विद्युत तथा अन्य उर्जाका श्रोतहरू) को अवस्था

१.५ नेपाली समाजका परम्परा, सामाजिक मूल्य र मान्यता, प्रचलित प्रमुख धर्म, जातजाति, भाषाभाषी र संस्कृति

१.६ सामाजिक समस्या र विकृतिहरू तथा सुधारका उपायहरू

१.७ सामाजिक द्वन्द्वका कारण, असर र द्वन्द्व व्यवस्थापनका उपायहरू

[illegible] संघीय शासन व्यवस्था, सरकारका तीन तहबीच अन्तरसम्बन्ध तथा शासकीय ईकाईहरूको भूमिका

१.९ नेपालको सार्वजनिक प्रशासन र सुशासन

१.१० राष्ट्रिय तथा कोशी प्रदेशको आवधिक योजनाको सामान्य जानकारी

१.११ विकासका अन्तरसम्बन्धित विषयः समावेशी विकास, लैंगिक विकास, गरिबी निवारण, रोजगारी श्रृजना, विपद् व्यवस्थापन, दिगो विकास लक्ष्य, बालमैत्री शासन, द्वन्द्व र शान्ति संवेदनशील विकास, साझेदारी तथा समूदायमा आधारित विकास, विकासमा नागरिक संलग्नता, सहभागितामूलक योजना र विकास

१.१२ लोकतन्त्र र निर्वाचनको परिचय, महत्त्व तथा मतदान र मतगणना सम्बन्धी सामान्य जानकारी

१.१३ उपभोक्ता हित संरक्षण सम्बन्धी सामान्य जानकारी

**२. स्वास्थ्य, जनसंख्या र वातावरण**

२.१ रोग, पोषण, दुर्व्यसन र सामुदायिक स्वास्थ्य

२.१.१ रोगको (सर्ने र नसर्ने)परिचय, रोग सार्ने माध्यमहरू

२.१.२ पोषण, सन्तुलित भोजन (परिचय, महत्त्व) तथा कुपोषण (कारण तथा समाधान)

२.१.३ धूम्रपान, मद्यपान र लागूपदार्थ दूर्व्यसनः कारण, असर र बच्ने उपायहरू

२.२ जनसांख्यिकी, जनसंख्या परिर्वतन र जनसंख्या व्यवस्थापन

२.२.१ नेपालको जनसंख्या स्थिति, जनसंख्या वितरण, जनसंख्या परिर्वतनका कारणहरू

२.२.२ जनसंख्या व्यवस्थापन, शहरीकरण र बसाईसराई

२.३ जैविक विविधता र वातावरण व्यवस्थापन

२.३.१ जैविक विविधताको अवधारणा र वर्गीकरण तथा महत्त्व

२.३.२ वातावरण व्यवस्थापनको परिचय र महत्त्व

२.३.३ वातावरणीय समस्या, कारण, असर र समाधानका उपायहरू

२.३.४ फोहोरमैला व्यवस्थापन

२.३.५ जलवायू परिवर्तन र कार्वन व्यापार

२.३.६ वातावरणमैत्री शासन

| | | |
|---|---|---|
| खण्ड (Section) (B) | २ प्रश्न X १० अङ्क = २० अङ्क | ४० अङ्क |
| | ४ प्रश्न X ५ अङ्क = २० अङ्क | |

**३. कर्मचारी प्रशासन तथा कार्यालय संचालन**

३.१ कर्मचारी प्रशासन

३.१.१ कर्मचारी प्रशासनको परिचय

३.१.२ सार्वजनिक प्रशासनमा कर्मचारी प्रशासनको भूमिका

३.१.३ कर्मचारीको आचरण र अनुशासन

३.१.४ कर्मचारी प्रशासनमा प्रदेश लोक सेवा आयोगको भूमिका

३.२ कार्यालय संचालन

३.२.१ कार्यालय विन्यास (Office Layout)

३.२.२ पत्रव्यवहार/ चिठ्ठीपत्र

३.२.२.१ परिचय, उद्देश्य, चिठ्ठीका प्रकार : प्रयोग र प्राथमिकता

३.२.२.२ दर्ता, चलानी, टिप्पणी लेखन, सर्जमिन मुचुल्का र मेमो (Memo) सम्बन्धी सामान्य जानकारी

३.२.३ अभिलेख व्यवस्थापन

३.२.३.१ अभिलेख व्यवस्थापनको परिचय, उद्देश्य र आवश्यकता

३.२.३.२ फाइलिङ सम्बन्धी जानकारी

३.२.३.३ कार्यालय व्यवस्थापनमा कम्प्युटर प्रणालीको आवश्यकता र महत्त्व एवं प्रचलनमा रहेका व्यवस्थापन सूचना प्रणालीहरू

३.२.३.४ व्यक्तिगत घटना दर्ता

३.२.४ बैठक व्यवस्थापन र माइन्यूट लेखन

३.३ लेखा तथा राजस्व सम्बन्धी जानकारी

३.३.१ सार्वजनिक वित्त व्यवस्थापन (PFM)- TSA, CGAS, FMIS, LMBIS, RMIS र NPSAS तथा नेपालको सरकारी लेखा प्रणाली तथा लेखापरीक्षण सम्बन्धी जानकारी

३.३.२ गोश्वारा भौचर, बैंक नगदी किताब र बजेट हिसाबः परिचय र प्रयोग

३.३.३ राजस्व र खर्चको फाँटवारी र प्रतिवेदन

३.३.४ वर्तमान जिन्सी स्रेस्ता प्रणाली (PAMS)

३.३.५ कर प्रणाली: मूल्य अभिवृद्धि कर (VAT), आयकर, भन्सार तथा अन्तःशुल्क सम्बन्धी सामान्य जानकारी

३.३.६ प्रदेश र स्थानीय तहको राजस्व अधिकार र परिचालन सम्बन्धी सामान्य जानकारी

३.३.७ अन्तर सरकारी वित्त हस्तान्तरणः अनुदान तथा राजस्व बाँडफाँड सम्बन्धी सामान्य जानकारी

३.४ सार्वजनिक खरिद सम्बन्धी सामान्य जानकारी

३.५ सार्वजनिक सेवा प्रवाह

- ३.५.१ सार्वजनिक सेवा प्रवाहको परिचय र महत्त्व
- ३.५.२ सेवाग्राहीप्रति कर्मचारीको व्यवहार र आचरण
- ३.५.३ सेवाग्राहीहरूको अधिकार र कर्तव्य
- ३.५.४ सार्वजनिक सेवा प्रवाहका नवीनतम प्रवृत्तिहरू
- ३.५.५ सार्वजनिक वडापत्र (Public Charter): परिचय, महत्त्व र आवश्यकता

**४. विद्यमान योजना, नीति तथा कानूनी व्यवस्था**

- ४.१ नेपालको संविधानसम्बन्धी सामान्य जानकारी
- ४.२ प्रदेश निजामती सेवा ऐन, २०७९ (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी
- ४.३ प्रदेश निजामती सेवा नियमावली, २०८१ (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी
- ४.४ स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० (कोशी प्रदेश)
- ४.५ प्रदेश लोक सेवा आयोग ऐन, २०७६ (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी
- ४.६ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ (कोशी प्रदेश) को परिच्छेद १ र परिच्छेद ६ सम्बन्धी जानकारी
- ४.७ नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ (परिच्छेद २ र ३)
- ४.९ स्थानीय सरकार संचालन ऐन, २०७४ (परिच्छेद ३, ४, ५, ६ र ८)
- ४.१० भ्रष्टाचार निवारण ऐन, २०५९ को सामान्य जानकारी (परिच्छेद २)
- ४.११ प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ (कोशी प्रदेश) र सो को नियमावली, २०७९ सम्बन्धी सामान्य जानकारी
- ४.१२ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६

| खण्ड (Section) (C) | ४ प्रश्न X ५ अङ्क = २० अङ्क | २० अङ्क |
|---|---|---|

**५. सामान्य गणित**

- ५.१ गणितका आधारभूत क्रियाहरू तथा ऐकिक नियम (Unitary Method)
- ५.२ भिन्न, दशमलव र प्रतिशत (Fraction, Decimal & Percentage)
- ५.३ नाफा, नोक्सान र छुट (Profit, Loss & Discount)
- ५.४ कर, कमिसन र ह्रासकट्टि (Tax, Commission & Depreciation)
- ५.५ साधारण ब्याज (Simple Interest)
- ५.६ औसत/मध्यक र मध्यिका (Average/Mean & Median)

**द्वितीय पत्र विषयका पाठ्यक्रमका एकाईहरूबाट सोधिने प्रश्नहरूको संख्या निम्नानुसार हुनेछ।**

| द्वितीय पत्रका खण्ड | (A) | | (B) | | (C) | जम्मा प्रश्न संख्या |
|---|---|---|---|---|---|---|
| द्वितीय पत्रका एकाई | १ | २ | ३ | ४ | ५ | |
| अङ्क भार | २५ | १५ | २० | २० | २० | |
| छोटो उत्तर प्रश्न | ४ | | ४ | | ४ | १२ |
| लामो उत्तर प्रश्न | २ | | २ | | ० | ४ |
| जम्मा प्रश्न संख्या | ६ | | ६ | | ४ | १६ |

प्रदेश लोक सेवा आयोग,

कोशी प्रदेश, विराटनगर

# प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका अप्राविधिकतर्फ प्रशासन सेवा, सामान्य प्रशासन तथा लेखा समूह, चौथो तह, खरिदार/सह-लेखापाल पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**कम्प्युटर सीप परीक्षण (Computer Skill Test)**

**परीक्षा योजना (Examination Scheme)**

| विषय | पूर्णाङ्क | विषयवस्तु शीर्षक | अङ्क | समय |
|---|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० | Devanagari Typing | २.५ अङ्क | ५ मिनेट |
| | | English Typing | २.५ अङ्क | ५ मिनेट |
| | | Word Processing | २ अङ्क | १० मिनेट |
| | | Electronic Spreadsheet | १ अङ्क | |
| | | Presentation System | १ अङ्क | |
| | | Windows basic, Email and Internet | १ अङ्क | |
| जम्मा | | | १० अङ्क | २० मिनेट |

## Contents

**1. Windows basic, Email and Internet**

- Introduction to Graphical User Interface
- Use & Update of Antivirus
- Concept of virus, worm, spam etc.
- Starting and shutting down Windows
- Basic Windows elements - Desktop, Taskbar, My Computer, Recycle Bin, etc.
- Concept of file, folder, menu, toolbar
- Searching files and folders
- Internet browsing & searching the content in the web
- Creating Email ID, Using email and mail client tools
- Basic Network troubleshooting (checking network & internet connectivity)

**2. Word processing**

- Creating, saving and opening documents
- Typing in Devanagari and English
- Copying, Moving, Deleting and Formatting Text
- Paragraph formatting (alignment, indentation, spacing etc.)
- Creating lists with Bullets and Numbering
- Creating and Manipulating Tables
- Borders and Shading
- Creating Newspaper Style Documents Using Column
- Security Techniques of Document
- Inserting header, footer, page number, Graphics, Pictures, Symbols
- Page setting, previewing and printing of documents
- Mail merge

**3. Presentation System**

- Introduction to presentation application
- Creating, Opening & Saving Slides
- Formatting Slides, Slide design, Inserting header & footer
- Slide Show
- Animation
- Inserting Built-in picture, Picture, Table, Chart, Graphs, and Organization Chart etc.

**4. Electronic Spreadsheet**

- Organization of Electronic Spreadsheet applications (Cells, Rows, Columns, Worksheet, Workbook and Workspace)
- Creating, Opening and Saving Work Book
- Editing, Copying, Moving, Deleting Cell Contents

- Formatting Cells (Font, Border, Pattern, Alignment, Number, Protection, Margins and text wrap)
- Formatting Rows, Column and Sheets
- Using Formula with Relative and Absolute Cell Reference
- Using Basic Functions (IF, SUM, MAX, MIN, AVERAGE etc.)
- Sorting and Filtering Data
- Inserting Header and Footer
- Page Setting, Previewing and Printing

**अंग्रेजी वा देवनागरी Typing Skill Test को लागि निर्देशनः-**

1. देवननागरी Typing Skill Test को लागि देहायअनुसार अंक प्रदान गरिनेछः-

| शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अङ्क |
| ५ वा सोभन्दा बढी ७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अङ्क |
| ७.५ वा सोभन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अङ्क |
| १० वा सोभन्दा बढी र १२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अङ्क |
| १२.५ वा सोभन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अङ्क |
| १५ वा सोभन्दा बढी र १७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अङ्क |
| १७.५ वा सोभन्दा बढी र २० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अङ्क |
| २० वा सोभन्दा बढी र २२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अङ्क |
| २२.५ वा सोभन्दा बढी र २५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अङ्क |
| २५ वा सोभन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अङ्क |

2. English Typing Skill Test को लागि देहायअनुसार अंक प्रदान गरिनेछः-

| शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ६ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अङ्क |
| ६ वा सोभन्दा बढी ९ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अङ्क |
| ९ वा सोभन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अङ्क |
| १२ वा सोभन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अङ्क |
| १५ वा सोभन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अङ्क |
| १८ वा सोभन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अङ्क |
| २१ वा सोभन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अङ्क |
| २४ वा सोभन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अङ्क |
| २७ वा सोभन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अङ्क |
| ३० वा सोभन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अङ्क |

3. अंग्रेजी वा देवनागरी Typing मा दिइएको Text लाई आधार मानी टाइप गरेको Text सँग भिडाई चेक गरिनेछ। दिइएको अंग्रेजी वा देवनागरी Text मा उल्लिखित स्थान बमोजिम परीक्षार्थीहरूले आफ्नो Text मा Punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिने छैन। तत्पश्चात निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रति मिनेट (Correct Words/minute) गणना गरिनेछ।

**Formula:**

$$\text{शुद्ध शब्द प्रति मिनेट (Correct words/minute)} = \frac{(\boldsymbol{Total\ words\ typed - Wrong\ words})}{\mathbf{5}}$$

**प्रदेश लोक सेवा आयोग,**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका अप्राविधिकतर्फ प्रशासन सेवा, सामान्य प्रशासन तथा लेखा समूह, चौथो तह, खरिदार/सह-लेखापाल पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**नमूना प्रश्नहरू (Model Questions)**

**द्वितीय पत्रः- सामाजिक अध्ययन, कार्यालय संचालन तथा सामान्य गणित**

१. कोशी प्रदेशमा बसोवास गर्ने प्रमुख जातिहरू र तिनको बारेमा छोटकरीमा वर्णन गर्नुहोस्।

२. चासोक ताङ्नाम पर्वका बारेमा छोटकारीमा वर्णन गर्नुहोस्।

३. लोकतन्त्रको परिचय दिँदै लोकतन्त्रका आधारभूत मूल्य र मान्यताहरू उल्लेख गर्नुहोस्।

४. नेपालमा फोहोरमैला व्यवस्थापन जटिल समस्याको रूपमा बढ्दै गइरहेको छ। यसका कारण र समाधानका उपायहरू उल्लेख गर्नुहोस्।

५. टिप्पणी भनेको के हो? टिप्पणी लेख्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस्।

६. खप्ने र खर्च भएर जाने सामग्रीका वारे छोटकरीमा जानकारी गराउनु होस्।

७. A ले कुनै काम २० दिनमा गर्न सक्छ, B ले उक्त काम १५ दिनमा र C ले सोही काम ३० दिनमा गर्न सक्छ। A ले ५ दिन काम गरी छोड्छ र B सो काम गर्न थाल्दछ। B ले पनि ५ दिनपछि सो काम छोड्दछ र C ले उक्त काम गर्दछ भने पूरा काम समाप्त हुन कुल कति दिन लाग्छ?

८. कुनै धनको मासिक २ प्रतिशतका दरले १८ महिनाको साधारण ब्याज रु. ८६४० हुन्छ भने सावाँ कति होला?